# नेपाल सरकार
## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
### सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७९/८०

च.न.

फोन नं: ०१-४२००१४०


## प्रेस विज्ञप्ति

आज २०८० जेठ १६ गतेका दिन पाँचौ राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री सुरेन्द्रराज आचार्यको अध्यक्षतामा **"महिला हक अधिकार: सबैको साझा सरोकार"** भन्ने नाराका साथ नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहलमा सम्पन्न भयो। उक्त कार्यक्रममा प्रतिनीधि सभाका महिला तथा सामाजिक समितिका माननीय सदस्यहरु,संवैधानिक निकायका प्रमूख तथा पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु लगायत सबै सरोकारवाला निकायहरुको उपस्थिति रहेको थियो ।

पाँचौ राष्ट्रिय महिला अधिकार दिवस, मूल समारोह कार्यक्रममा मन्त्रालयका सचिव श्री सुमनराज अर्यालले उपस्थित सम्पूर्ण अतीथिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो । सो समारोहमा राष्ट्रपति महिला उद्यमी सम्मुन्नति पुरस्कारका लागि स्थानीयस्तरमा स्वरोजगार र रोजगारी सृजना गरी आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याए वापत उच्च सम्मान र मूल्याङ्कन गर्दै प्रदेश सरकारबाट सिफारिश भई आएका ६ जना महिला उद्यमीहरुलाई माननीय मन्त्रीज्यूबाट रु.एक लाख नगद पुरस्कार सहित कदर पत्र प्रदान गरिएको थियो।

उक्त कार्यक्रममा सम्मानित हुनुहुने महिला उद्यमीहरु मध्येबाट प्रतिनिधित्व गर्दै गण्डकी प्रदेशका महिला उद्यमी चिनु कुमारी गुरुङ्गले यो सम्मानले महिला उद्यमीलाई थप प्रोत्साहन तथा उर्जा मिलेको बताउनु भयो। राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय लिली थापाले लैङ्गिक समानताका विषयमा भएका कानूनी तथा नीतिगत व्यवस्थामा नेपालले उल्लेखनीय प्रगति गरेको उल्लेख गर्दै सोको कार्यान्वयन पक्षमा विशेष जोड दिनुभयो । साथै महिला अधिकारका क्षेत्रमा योगदान पुऱ्याउने महिलाहरुको अभिलेखीकरण र प्रत्येक प्रदेशमा फोरेनसिक ल्याव स्थापना गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

राष्ट्रिय सभा सदस्य माननीय कमला देवी पन्तले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएको व्यक्तिहरुको सवालमा हामी सबैको साथ हुने विषयमा जोड दिनुभयो। राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला पराजुलीले ९५ प्रतिशत भन्दा बढी सबै वर्ग, उमेर र समुदायका महिलाले विभेदपूर्ण र हिंसाजन्य व्यवहारको सामना गरिरहेका हुँदा महिलालाई सहज रुपमा न्यायमा पहुँच पुऱ्याउन पहल गर्नुपर्ने विषयमा जोड दिदै शुभकामना व्यक्त गर्नुभयो।

कार्यक्रमका अध्यक्ष माननीय मन्त्रीले महिलाको सारभूत समानता सहितको लैङ्गिक समानतामूलक राष्ट्र निर्माणको यात्रामा अघि बढ्न आजको दिनले सबैलाई प्रेरणा मिलोस भन्दै महिला हक अधिकार स्थापना गर्नु सबैको साझा सरोकारको विषय भएको हुँदा सबै सरोकारवालाहरुको ऐक्यवद्धताका लागि हार्दिक आह्वान गर्दै शुभकामना व्यक्त गर्नुभयो। यस कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो। कार्यक्रमको सञ्चालन महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव लक्ष्मीकुमारी बस्नेतले गर्नुभएको थियो ।

२०८०/२/१६

यमलाल भूसाल

प्रवक्ता/सहसचिव

सह-सचिव